# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७७ साल चैत ४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय —**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मनहरी गाउँपालिका वडा नं. २, ३ र ४ जोड्ने हाँडीखोलामा पुल निर्माण गर्न प्रदेश विकास कार्यक्रम (विशेष) मा विनियोजित रकम मध्येबाट एक करोड पचास लाख रुपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत मनहरी गाउँपालिकालाई उपलब्ध गराउने। |
| २. | आर्थिक मामिला मन्त्रालय | सहुलियत पूर्ण ऋण व्यवस्थापन कार्यक्रममा अर्थ विविधबाट एक अर्ब रुपैयाँ रकमान्तर गर्न स्वीकृती दिने। |
| ३. | सामाजिक विकास मन्त्रालय | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (शिक्षक सेवा, सर्त र सुविधा सम्बन्धी) नियमावली, २०७७ स्वीकृत गर्ने। |
| ४. | सामाजिक विकास मन्त्रालय | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (कर्मचारी सेवा, सर्त र सुविधा सम्बन्धी) नियमावली, २०७७ स्वीकृत गर्ने। |
| ५. | सामाजिक विकास मन्त्रालय | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (अस्पताल सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७७ स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।